तारखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

२०७३

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१०/०८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ. (४) अनुसार ताराखोला गाउँपालिका गाउँसभाको मिति २०८२/०९/२९ को निर्णय बमोजिम आ.व. २०८२/०८३ को लागि यस गाउँपालिकाबाट निकासी हुने कवाडी माल वस्तुको निकासी करको ठेक्का सम्बन्धी कार्य गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले निम्न लिखित शर्तको अधिनमा रही आफ्नो फर्म नवीकरण गरेको प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी प्रस्ताव फारम खरिद गरी रीतपूर्वकको प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| शिल कोटेशन नं. | प्रस्तावको नाम | प्रस्तावको प्रकार | न्यूनतम बोल रकम रू. (मू.अ. र अ.आ. कर बाहेक) रू. | प्रस्ताव फारम दस्तुर रू. | बैंक जमानत | प्रस्ताव फारम खरिद गर्ने अवधी |
|---|---|---|---|---|---|---|
| ०२/०८२/०८३ | कवाडी संलकन | खुल्ला, न्यूनतममा बढीबढाउ | ७००००।- | १,०००।- | कबोल रकमको ५ प्रतिशत | २०८२/१०/२२ सम्म |

**प्रस्ताव सम्बन्धी शर्तहरू:**

१. प्रस्ताव शिलबन्दी गरी रीत पूर्वक दर्ता गर्नु पर्नेछ ।

२. प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरि वा प्रभु बैंङ्क ताराखोला शाखा, बागलुङमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १६७०१०९८५१००००६३ मा रकम जम्मा गरी भौचर पेश गरी कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ । खरिद गरिएको प्रस्ताव फारम मिति २०८२/१०/२३ गते दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । प्रस्ताव दर्ता गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय सञ्चालन हुने अर्को दिनको १२ बजे सम्म प्रस्ताव दर्ता गर्न सकिने छ ।

३. कवाडी माल वस्तु खरिद गर्दा गाउँपालिकाले तोकिएको दररेटमा खरिद गर्नु पर्नेछ ।

४. सम्झौताको लागि छनौट भएको प्रस्तावदाताले कबोल रकमको २० प्रतिशत रकम सम्झौता गर्दाको समयमा दाखिला गर्नु पर्नेछ भने बाँकी ८० प्रतिशत रकम त्रैमासिक रूपमा २०८३ असार २० गते सम्म दाखिला गरी सक्नु पर्नेछ । साथै ठेक्का सम्झौता गर्दा ८० प्रतिशतले हुन आउने रकमको बैंक जमानत सम्झौताको अवधि भन्दा ३० दिन बढी म्याद रहेको हुनु पर्ने वा नगदै जम्मा गर्न सकिनेछ ।

५. ठेक्काको अवधि २०८३ असार मसान्त सम्मको हुनेछ ।

६. प्रस्ताव स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुने छ ।

७. प्रस्तावना फारम गाउँपालिकाको वेवसाइट www.tarakholamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बिमल रिजाल

प्रमुख प्रशासकीय अधिकृत

तारारवोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
२०७३

प.सं.०८२।०८३
च.नं.

गण्डकी प्रदेश नेपाल।

## प्रस्तावाना फाराम नं. ०२/०८२/०८३ (कवाडी संकलन)

| क.स. | सङ्कलन गर्ने प्रस्तावदाताको नाम | कबोलदर (मू.अ.कर बाहेक अंकमा) | कबोलदर (मू.अ.कर बाहेक अक्षरमा) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

प्रस्तावदाताको:

नामः

ठेगानाः

मितिः

दस्तखतः

संस्थाको छापः

पुनश्चः प्रस्ताव फाराम कुनै कारणले केरमेट गर्नुपरेमा केरमेट भएको ठाउँमा प्रस्तावदाताको सहि छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।